# मिडियाको लोकतन्त्रीकरण र सामाजिक आन्दोलन

– विनयकुमार कसजू

*सामन्ती संस्कारले जरा गाडेको नेपाली समाजमा मिडियामा पनि समन्ती प्रवृत्ति देखिन्छ । फलस्वरूप राजनीतिक आन्दोलनमा जसरी नेपाली मिडिया अग्रसर छ त्यसै गरी समाजिक-आर्थिक आन्दोलनमा नेपाली मिडियाले अपेक्षित भूमिका खेल्न सकेको छैन । नेपाली मिडियाको लोकतन्त्रीकरण नभएसम्म दलित आन्दोलन लगायत समता र न्यायका लागि संचालित आन्दोलन नेपाली मिडियाको प्रथमिकतामा पर्ने संभावना देखिँदैन । यसैले नेपाली मिडियाको लोकतन्त्रीकरणको आन्दोलनलाई अन्य समाजिक-आर्थिक आन्दोलनसँगै उठाउनु आवश्यक छ ।*

नेपालको मिडियाको विकासको मेसोमा मिडिया क्षेत्रको संरचना, ढाँचा तथा प्रणालीमा विभिन्न प्रकारका कमी कमजोरी र विकृतिहरू आएका छन् । विश्वीकरण (Globalization), उदारीकरण तथा निजीकरणले अन्य देशका मिडियामा ल्याएका विकृति, विसंगति र दुर्गुणहरू नेपाली मिडियामा पनि प्रवेश गरिरहेका छन् । स्पष्ट रूपमा मिडियाको व्यापारीकरण बढिरहेको छ र राष्ट्र, समाज, लोकतन्त्र र विकासलाई प्रभाव पार्ने समाचार, विचारजस्ता विषयवस्तु (Content) किनबेचका वस्तुमा (Commodity) परिणत हुन थालेका छन् । प्रेस (पत्रकारिता) को मौलिक चरित्र र गुण लोप हुँदैछ । आमनागरिकलाई लोकतन्त्रका आधार वा मूलपात्र ठान्नुको सट्टा समाचारका उपभोक्ता ठान्ने र त्यहीअनुसार समाचारमा प्रस्तुत गर्ने उपभोक्तावादी प्रवृत्ति बढिरहेको छ ।

अर्कोतिर नेपाली समाजमा जरा गाडेको सामन्ती संस्कारबाट नेपाली मिडिया पनि ग्रस्त छ । यसमा केही जाति, वर्ग र क्षेत्रको प्रभुत्व कायम छ । फलस्वरूपम मिडियामा प्रभुत्व जमाएको जाति, वर्ग र क्षेत्रको हित नै राष्ट्रको हितको रूपमा मिडियामा प्रस्तुत गर्ने र त्यही अनुरूपका विषयवस्तुले महत्व पाउने प्रवृत्ति स्पष्ट देखिन्छ । राजनीतिक आन्दोलनसँग नेपाली मिडियाको सुरक्षा र व्यावसायिक विकास अभिन्न रूपमा गाँसिएको हुँदा नेपाली मिडिया लोकतान्त्रिक आन्दोलनमा जसरी होमियो त्यसरी सामाजिक-आर्थिक आन्दोलनमा लाग्न सकेको छैन । यस कारण पनि दलित आन्दोलनलगायत नेपालमा भइरहेका सामाजिक, आर्थिक, क्षेत्रीय, लैंगिक आदि विभिन्न भेदभाव विरुद्ध हुने आन्दोलनमा मिडियाको भूमिका र दायित्व बढाउनका लागि मिडियाको लोकतन्त्रीकरणको आन्दोलन चलाउनु परेको हो । यसको लागि माथि उल्लेख गरिएका विभिन्न आन्दोलन र नागरिक समाज अग्रसर नभई हुँदैन ।

लोकतान्त्रिक व्यवस्था स्थापना हुँदैमा लोकतान्त्रिक व्यवस्थाका गुणहरू समाजले स्वत: सिक्दैन र सिकेपछि पनि सँधै कायम रहँदैन । सामाजिक न्याय, समानता र लोकतान्त्रिक सोच र व्यवहारको कार्यान्वयन र परिपालनका लागि समाजमा निरन्तर आन्दोलन भइरहन्छ । समाजभित्र रहेका सचेत र सक्रिय नागरिक समाजका संस्था र व्यक्तिहरूले यस्तो आन्दोलन चलाइरहका हुन्छन् । आन्दोलनको मेसोमा उनीहरूले लोकतान्त्रिक चरित्रविरोधी सोच, नीति र व्यवहारसँग संघर्ष गर्नुपर्ने हुन्छ । कतिपय अवस्थामा हिँजोका लोकतान्त्रिक शक्ति आज लोकतन्त्र विरोधी, स्वार्थी शक्तिका रूपमा फेरिइसकेको हुनसक्छ । ती सबै खालका तत्वसँग नागरिक समाजको द्वन्द्व भइरहन्छ ।

नेपालमा बितेका साठी बर्षमा लोकतन्त्रका लागि संघर्ष गरेर चार पटक राजनीतिक व्यवस्थाको परिवर्तन भइसकेको छ । यस दौरानमा लोकतन्त्रका लागि लडेका कतिपय शक्तिहरूले अलोकतान्त्रिक आचरण गरेर लोकतन्त्रलाई समाप्त पार्ने काम पटकपटक भएका छन् । एक पटकको लोकतान्त्रिक शक्ति सँधैको लागि लोकतान्त्रिक बनिरहँदैन, त्यसमा पनि अधिनायकवादी सोच र व्यवहार हुर्कन सक्छ । यसको विरोधमा र समाजलाई लोकतान्त्रिक सोच र व्यवहारमा निरन्तर कायम राख्न विभिन्न प्रकारका प्रयास भइरहन्छन् । प्रत्यक्ष र परोक्ष रूपमा संघर्षहरू चलिरहन्छन् । नागरिक समाजको निरन्तर सतर्कता र निगरानी लोकतन्त्रलाई जोगाउने र बलियो बनाउने मूल आधार हो । अर्को शब्दमा, सक्रिय र सचेत नागरिक समाज लोकतन्त्रको आधारभूत शक्ति हो ।

लोकतन्त्रको लागि लडेर स्थापित भएका मिडिया पनि कालान्तरमा विभिन्न शक्ति र स्वार्थसँग नजिक भएर यथास्थितिवादी बन्न सक्छन् । त्यस्ता मिडियले नयाँ आन्दोलनलाई उर्जा दिन सक्तैनन् । यसैले नयाँ सामाजिक-आर्थिक, तथा सांस्कृतिक आन्दोलन चलाउनका लागि लोकतान्त्रिक मिडियाको आवश्यकता पर्छ ।

कुनै पनि देश र समाजमा राजनीतिक, सामाजिक, आर्थिकलगायत विभिन्न खालका शक्तिहरू कसको हातमा छ, कुनै पनि शक्ति कसको हातबाट कसको हातमा सरिरहेको छ, शक्तिको स्थानान्तरण, हस्तान्तर र अपहरण कसरी भइरहको छ भनी अध्ययन र निरीक्षण, समीक्षा र निगरानी गर्ने र समाजलाई सचेत पार्ने काम मुख्य रूपमा प्रेसले गर्छ । तर प्रेस आफै कुनै शक्तिको पक्षधर भयो भने त्यसले शक्तिको हस्तान्तरण, रूपान्तरण र स्थानान्तरणको निगरानी गर्ने र समाजलाई सचेत पार्ने काम सही ढंगले गर्न सक्तैन । यसैले लोकतान्त्रिक समाजमा सत्य, स्वतन्त्र, निष्पक्ष, निर्भीक र विश्वसनीय  प्रेस अनिवार्य आवश्यकता हुन्छ । कुनै पनि लोकतान्त्रिक देशमा प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्नुको उद्देश्य आमजनताको विचार तथा अभिव्यक्ति स्वतन्त्रता कार्यान्वयन गर्ने माध्यम वा साधनको प्रत्याभूति हो । प्रेस स्वतन्त्रता स्वयंमा साध्य होइन, साधन मात्रै हो ।

नेपाली समाजमा, खास गरी हिन्दु धर्ममा, कलंकको रूपमा रहेको छुवाछुत प्रथालाई समाप्त गरी न्याय तथा समतामूलक समाज निर्माण गर्नका लागि चलाइने आन्दोलनमा नागरिक समाजको महत्वपूर्ण भूमिका अपरिहार्य छ । यसमा मिडियाको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । तर राजनीतिक आन्दोलनमा जसरी नेपाली मिडिया अग्रसर भयो त्यसै गरी समाजिक-आर्थिक आन्दोलनमा नेपाली मिडियाले अपेक्षित भूमिका खेल्न सकेको छैन । यसको प्रमुख कारण नेपाली मिडियाको सामन्ती चरित्र नै हो । सामन्ती संस्कारले जरा गाडेको नेपाली समाजमा मिडियामा पनि समन्ती प्रवृत्ति देखिन्छ जसले गर्दा समता र न्यायका लागि चलाइने सामाजिक आन्दोलनहरूका नेपाली मिडियाले अपेक्षित भूमिका खेल्न नसक्नु स्वाभाविक हो ।

कुनै पनि अभियान, आन्दोलन, एडभोकेसीका लागि मिडिया नभई हुँदैन । तर मिडियाले नेपालका पाखा पारिएका लिंग, जातजाति, भाषा, धर्म, क्षेत्रलाई परम्परागत रूपमा, नकारात्मक ढंगले प्रस्तुत गर्दासम्म, तिनका आवाजलाई वेवास्ता गर्दासम्म, सबैलाई समान रूपले सम्मान नगर्दासम्म समानता र न्यायका लागि पाखा परिएका र अल्पसंख्यकहरूको आन्दोलन सही रूपमा आमजनतामा पुग्न सक्तैन । किसान र मजदूरको पीरमर्का मिडियामा वर्चस्व जमाएका सम्पन्न र बौद्धिक वर्गले बुझ्न गाह्रो हुन्छ । नेपालमा राजनीतिक तथा सामाजिक एजेन्डा उठाउने, चर्काउने मिडियाहरू जुन वर्गको हातमा छ त्यसले मजदुर, किसान र तल्लो वर्गका

समुदायको हित बुझ्दैन, बुझे पनि त्यसलाई आवाज दिँदैन र त्यसको एजेन्डामा किहिल्यै प्राथमिकतामा पर्दैन । एक जना मालिक कुटिँदा वा मजदुरको कार्वाहीमा पर्दा मिडियाले कसरी त्यो मुद्दालाई चर्काउँछ र हजारौँ मजदुर शोषण, दमनमा पर्दा र मृत्युको सिकार हुँदा मिडियाले कुन स्थान दिन्छ भन्ने कुरा नेपाली मिडिया अध्ययन गर्नेहरूले देखिरहेकै छन् ।

यस्तो लैँगिक, जातीय, भाषिक, क्षेत्रीय भेदभावयुक्त विचार र व्यवहारमा मौलाएको मिडियाले के साँच्चै लोकतन्त्रलाई बलियो बनाउँछ त ? समानता, न्याय र सार्वजनिक विषयमा सुसूचित र खुला छलफलजस्ता चरित्र हुनु पर्ने राजनीतिक संचार प्रणालीको अभावमा लोकतन्त्र फस्टाउन सक्छ ? अधिनायकवादको विरोध र लोकतन्त्रको जप भजन कर्पोरेट मिडियाको रामनामी पछ्यौराजस्तो मात्रै हुनसक्छ । त्यसको आडमा उसले आफ्नो स्वार्थ पूरा गरिरहेको हुन्छ ।

नेपालका सामाजिक आन्दोलनमा मिडियाले खेलेको भूमिकाका विषयमा खोज, अनुसन्धान, अध्ययन, गोष्ठी, पुस्तक प्रकाशन आदि भएका छन् । तर समस्याको मूल कारणमाथि कसैले पनि प्रहार गर्न सकेका छैनन् । समाधानको रूपमा नीति निर्माण तहमा र जनशक्तिमा महिला, दलित, मधेसी, आदिवासी जनजातिको पहुँच बढाउन जोडदार माग आउने गरेका छन् तर समग्रमा नेपाली मिडियाको संरचनामाथि कसैले प्रश्न उठाएका छैनन् । यहाँसम्म कि मिडिया हाउसभित्र मजदूर र पत्रकारका अधिकारका लागि हुने आन्दोलनलाई पनि स्वतन्त्र प्रेसमाथि आक्रमण भनेर व्याख्या गर्ने गरिएको छ ।

अब राज्यले नेपाली मिडियाले नेपालको लोकतान्त्रिक आन्दोलन र जनतालाई सचेत र शिक्षित पार्नका लागि खेलेको भूमिकाको गुन तिर्नु पर्छ । नेपाली मिडियालाई अझै बढी जनमुखी र जनसेवी बन्न सघाउएर यो गनु तिर्न सकिन्छ । यो परिप्रेक्षमा हरेक गाउँको आफ्नै रेडियो स्टेसन, हरेक घरमा मोबाइल फोन र हरेक गाउँबस्तीमा इन्टरनेट जनताको हातमा संचार शक्ति पुर्‍याउने एउटा राम्रो र प्रभावकारी उपाय हो । नेपालमा हुने सामाजिक आन्दोलनहरूको लागि यिनै मिडियाले दरो औजारको रूपमा काम गर्नसक्छन् । धन्यवाद ।

रेडियो जागरणको पहिलो वार्षिकी **स्मारिका** २०६५ पुसमा प्रकाशित